बैठक संख्या ४९
कार्यपालिका वैठक मिति २०७६।०१।२५

निर्णय नं. १

यस इटहरी उपमहानगरपालिकाबाट तराई मधेस समृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम देहायका आयोजना/कार्यक्रम संचालन गर्नका लागि निम्नानुसारका आयोजना/कार्यक्रमको प्रस्ताव गरी स्वीकृतीका लागि पठाउने निर्णय गरियो ।

| क. स. | प्रस्तावित आयोजना कार्यकमको विवरण | कार्यकम सञ्चालन हुने स्थान (वडा नं. समेत) | आयोजना क्षेत्र | अनुमानित लागत | | आयोजना सम्पन्न हुने अवधि | आयोजना बाट लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट वेहोरिने रकम (न्यनतम १०%) | | | |
| १ | मुसहर वस्ती सामुहिक आवास निर्माण | वडा नं. १६ | क | १ करोड | १० लाख | २०७६/०७७ | ३६० | |
| २ | मुसरी बस्ती सामुहिक आवास भवन जाने बाटो कालोपत्रे | वडा नं. १६ | ग | १ करोड | १० लाख | २०७६/०७७ | ७०० | |
| ३ | सडक तथा असहाय बालबालिका संरक्षण गृह निर्माण | वडा नं. २ | क | १ करोड | १० लाख | २०७६/०७७ | १०० | |
| ४ | पकली जतपुर पटेर्वा मार्ग कालोपत्रे | वडा नं. १८ | ग | १ करोड | १० लाख | २०७६/०७७ | ८०० | |
| ५ | सामुहिक आवास ( डुम बस्ती) निर्माण | वडा नं. ५/९ | क | १ करोड | १० लाख | २०७६/०७७ | ३२० | |
| ६ | हकाहा खोला तटबन्ध निर्माण | वडा नं. १६, १७ र १९ | च | १ करोड | १० लाख | २०७६/०७७ | १५०० | |
| ७ | हुलाकी मार्ग कालोपत्रे | वडा नं. ७, ८ र १४ | ग | १ करोड | १० लाख | २०७६/०७७ | १५०० | |
| ८ | महेन्द्र मा.वि. कालोपत्रे | वडा नं. २ | ग | १ करोड | १० लाख | २०७६/०७७ | १३०० | |
| ९ | सुकुमारी खोला तटबन्ध | वडा नं. ५ र १७ | च | २ करोड २९ लाख | २० लाख २९ हजार | २०७६/०७७ | ११०० | |
| १० | ड्रेनवाल र प्रिमिक्स कार्पेटिङ्गयुक्त बाटो निर्माण | वडा नं. १७ | ग | १ करोड ९३ लाख | १० लाख ९३ हजार | २०७६/०७७ | ९०० | |

केशव प्रसाद तिमली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र बढ्दो शहरीकरण तथा अव्यवस्थित बजार, फुटपाथ बढ्दो क्रममा रहेको र नगर प्रहरीको संख्या न्यून भई नियमित कार्य गर्न असहज भएको हुँदा नगरप्रहरी छनौट सम्बन्धी कार्यविधि बनाई आवश्यक प्रकृया पुरा गरी १५ जना नगर प्रहरी जवान करार सेवामा लिने निर्णय गरियो ।

**निर्णय नं. ३**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र बहुबर्षिय योजनामा परेका र योजना संचालन गर्नु पर्ने बाटोको क्षेत्राधिकार कम्तीमा ४० फिटको कायम गरी सोहि अनुसारको मापदण्ड पुऱ्याई योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

उद्योग वाणिज्य संघ इटहरीबाट इटहरी चोकमा राखिएको सि.सि.क्यामेरा जडान गर्दा भएको खर्चको विल भर्पाइ अनुसार रु .५,००,०००। (पाँच लाख)मा नवढ्ने गरी सूचना प्रणाली तथा सफ्ट्वेर संचालन शिर्षकबाट उद्योग वाणिज्य संघ इटहरीलाई अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकाको आ.ब. २०७४/७५ को म.ले.प.बाट औल्याईएका बेरुजु पेश्की सम्बन्धीको पेश गरेको प्रतिबेदन माथि छलफल भयो ।

**निर्णय नं. ६**

संयुक्त बुद्ध जयन्ती मुल समारोह समिति इटहरीलाई बुद्ध जयन्तीका लागि रु.५०,०००। (पचास हजार) दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७६ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी चोक तथा वरपरको स्थानमा ट्राफिक व्यवस्थापनको लागि ट्राफिक संकेत अंकित बोर्डहरु निर्माण तथा भौतिक पूर्वाधारका लागि आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी चोक तथा आसपासका क्षेत्रमा तीन पाङग्रे सवारी साधन अव्यवस्थित रुपमा पार्किङ्ग तथा अव्यवस्थित संचालन भईरहेको अवस्थामा हाल पार्किङ्ग व्यवस्थापन तथा व्यवस्थित संचालन नभए सम्मका लागि नयाँ तीन पाङग्रे सवारी साधनको दर्ता स्थगित गर्न कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, इटहरीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त चालु खर्च तर्फको रु. १,५३,६७,०००। (एक करोड त्रिपन्न लाख सड्सठ्ठी हजार) स्थानीय तहमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम देहायका योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क्र. सं. | वडा नं. | स्वीकृत भवन टाइप | बहुबर्षिय योजना अनुसार भवन निर्माण स्वीकृत बजेट रू. | चालु आ.ब.मा खर्च हुने (४० प्रतिशत भवन निर्माण)रू. | चालु आ.ब. मा खर्च हुने (कर्मचारी भर्ना, औजार, उपकरण, औषधि खरिद, फर्निचर, मसलन्द, घरभाडा आदि व्यवस्थापन)रू. | चालु आ.ब. मा खर्च हुने जम्मा रकम रू. |
|---|---|---|---|---|---|---|
| १ | २ | १ | ६३४६६३० | २५३८६५२। | ५०००००। | ३०३८६५२। |
| २ | ४ | २ | ३८८६९२० | १५५४७६८। | ५०००००। | २०५४७६८। |
| ३ | ६ | २ | ३८८६९२० | १५५४७६८। | ५०००००। | २०५४७६८। |
| ४ | ८ | २ | ३८८६९२० | १५५४७६८। | ५०००००। | २०५४७६८। |
| ५ | १६ | २ | ३८८६९२० | १५५४७६८। | ४९९७४०। | २०५४५०८। |
| ६ | १९ | २ | ३८८६९२० | १५५४७६८। | ५०००००। | २०५४७६८। |
| ७ | २० | २ | ३८८६९२० | १५५४७६८। | ५०००००। | २०५४७६८। |
| | | | जम्मा | १,१८,६७,२६०। | ३४,९९,७४०। | १,५३,६७,०००। |



केशव प्रसाद तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११**

यस इटहरी उपमहानगरपालिका, वडा कार्यालय समेत उपर पर्न आएका मुद्दाहरुमा सुनसरी जिल्ला अदालत, उच्च अदालत समेतमा नगर प्रमुख, वडाध्यक्ष, न.पा.का कर्मचारीहरु समेतको वारेस नियुक्त गरी मुद्दामा पुर्पक्ष गरी आईएकोमा वारेसलाई तारेख खर्च वापत प्रति दिन रु.१,०००।- (एक हजार) भुक्तानी दिने साथै कार्यालयको कामको सिलसिलामा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विपक्षी बनाई मुद्दा दायर भई धरौटी राख्नु पर्ने अवस्था भएमा उक्त धरौटी रकम कार्यालयबाटै व्यहोंने समेत निर्णय गरियो ।

**निर्णय नं. १२**

इटहरी उपमहानगरपालिका वडा नं ६ स्थित उपमहानगरपालिकाको पश्चिम कम्पाउण्ड वाल हुदै जाने बाटो इन्टरलकिङ्ग ब्लक निर्माण कार्यको लागि रु.१,९५,०००।- (एक लाख पन्चानब्बे हजार) भैपरी पूँजिगत शिर्षकबाट थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

इटहरी उपमहानगरपालिका वडा नं. ६ स्थित सिदार्थ मार्ग भृकुटी टोलको बाटो निर्माणका लागि रु.१,००,०००।- ( एक लाख) भैपरी पूँजिगत शिर्षकबाट थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

इटहरी उपमहानगरपालिका वडा नं. ५ परिवार नियोजन अगाडीको बाटो निर्माणका लागि रु.१,००,०००।- (एक लाख) थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

बराह नगरपालिकाको चतरामा लागिरहेको अर्ध कुम्भ मेलाका लागि बराह नगरपालिकालाई रु.३,००,०००।- (तीन लाख) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

इटहरी उपमहानगरपालिका वडा नं. ४ अन्तर्गत टेंग्रा खोला पुल उत्तर तर्फ इटहरी उपमहानगरपालिकाको नाममा रहेको ०-२-० जग्गा वडा नं. ४ को वडा कार्यालय भवन निर्माणका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

श्री कृष्ण प्रणामी प्रष्ठिान नेपाल, इटहरीलाई महामती प्राणनाथ प्रांकट्य चर्तुथ शताब्दी अन्तराष्ट्रिय महोत्सव, २०७५ लाई रु. ५,००,०००।- (पाँच लाख) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

इटहरी उपमहानगरपालिका क्षेत्र भित्र बायोग्यस प्लाण्ट निर्माण गर्दा ल.ई. स्वीकृत गराई कार्य सम्पन्न प्रतिवेदन पेश भइ आएमा भएको खर्चको २० प्रतिशत खर्च नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो

**निर्णय नं. १९**

इटहरी उपमहानगरपालिका वडा नं. १६ स्थित रामजानकी मन्दिर देखि जब्दी विद्यालय सम्म बाटो मर्मत ग्रावेलका लागि मर्मत सम्भार शिर्षकबाट रु.१,००,०००।- (एक लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

इटहरी उपमहानगरपालिका वडा नं. १२ को वडा कार्यालय भवन मर्मतका लागि लगत स्टीमेट अनुसार मर्मत संभार शिर्षकबाट मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

इटहरी उपमहानगरपालिका वडा नं. १९ स्थित संयुक्त तरकारी खेती घेराबेराका लागि भैपरी पुंजिगत शिर्षकबाट रु.१,५०,०००।- (एक लाख पचास हजार) थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

केशव प्रसाद तिम्सीना
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका वडा नं. १ स्थित पोखरी मर्मतका लागि लगत स्टीमेट अनुसार मर्मत संभार शिर्षकबाट मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

इटहरी उपमहानगरपालिका भित्र देहायका वडाहरुमा संचालन भई प्रथम पटक मिति २०७५।०९।३० वसेको कार्यपालिका वैठक निर्णय नं. ३ अनुसार २०७५ फागुन मसान्त सम्म म्याद थप भएका उक्त मिति सम्म पनि सम्पन्न नभई म्याद थपका लागि माग भई आएका देहायका योजनाहरुको देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | रकम | आ.ब. | योजना | म्याद थप मिति |
|---|---|---|---|---|---|
| १ | लविपुर मुल सडकमा कर्ल्भट निर्माण कार्य वडा नं. १७ | ५,००,०००। | २०७४/७५ | नगरस्तरीय | २०७६।०२।१५ |
| २ | हकाहा खोला नदि नियन्त्रण वडा नं. १८ | ५,००,०००। | २०७४/७५ | जल उत्पन्न | २०७६।०२।१५ |
| ३ | पंचामुखी पुल मर्मत इटहरी १८ | ५,००,०००। | २०७४/७५ | नगरस्तरीय | २०७६।०२।१५ |
| ४ | प्रहरी चौकी भवन निर्माण इटहरी | २०,००,०००। | २०७४/७५ | नगरस्तरीय | २०७६।०२।१५ |

**निर्णय नं. २४**

इटहरी उपमहानगरपालिका वडा नं. ३ स्थित सरस्वती मा.वि.लाई स्कुल बस खरिदका लागि रु.५,००,०००। (पाँच लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २५**

इटहरी उपमहानगरपालिका नगर प्रहरीका लागि एक थान मिनि ट्रक, रेडक्रस इटहरीलाई एक थान एम्बुलेन्स र इटहरी अस्पतालका लागि एक थान एम्बुलेन्स खरिद गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २६**

यस इटहरी उपमहानगरपालिकाको सांस्कृतिक भवन समेत संचालन गर्दा विद्युतको भोल्टेज अपुग भई पटक पटक लाईन जाने भएको र उक्त कार्यको लागि नेपाल विद्युत प्राधिकरण शाखा कार्यालयबाट अनुगमन गराउँदा एक सय के.भि. को ट्रान्सफर्मर राख्नुपर्ने सुझाव प्राप्त भएको हुँदा उक्त निजि ट्रान्सफर्मर जडान गर्न लाग्ने खर्च नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय इटहरीलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रमाणित

केशव प्रसाद तिमाली
प्रमुख प्रशासकीय अधिकृत